## तामाकोशी गाउँ कार्यपालिका

## बैठक नं. ५२

तामाकोशी गाउँपालिकाका अध्यक्ष श्री प्रोण प्रताप के.सी.को अध्यक्षतामा गाउँ कार्यपालिकाका सदस्य लगायत तपसिलको उपस्थितिमा मिति २०८२ असार ७ गते शनिबार बिहान ११:०० बजे बैठक बसी देहाय बमोजिम निर्णयहरु गरियो ।

उपस्थिति:

| क्र.स. | पद | नाम थर | हस्ताक्षर | सम्पर्क न. |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रोण प्रताप के.सी. | | ९८४४०६१६६५ |
| २ | उपाध्यक्ष | श्री सृजना खड्का सुवेदी | | ९८४३८२७५३० |
| ३ | सदस्य (वडाध्यक्ष वडा नं. १) | श्री बसन्त बहादुर थापा क्षेत्री | | ९८५४०४५११९ |
| ४ | सदस्य (वडाध्यक्ष वडा नं. २) | श्री ईश्वर राज कार्की | | ९८४९७७७६६३ |
| ५ | सदस्य (वडाध्यक्ष वडा नं. ३) | श्री राम प्रसाद काफ्ले | | ९८५११४८०८३ |
| ६ | सदस्य (वडाध्यक्ष वडा नं. ४) | श्री नारायण खड्का | | ९८५११२४४६२ |
| ७. | सदस्य (वडाध्यक्ष वडा नं. ५) | श्री शम्भु प्रसाद फुयाल | | ९८५१२०४८५४ |
| ८ | सदस्य (वडाध्यक्ष वडा नं. ६) | श्री कृष्ण प्रसाद फुयाल | | ९८४८९३९८९८ |
| ९ | सदस्य (वडाध्यक्ष वडा नं. ७) | श्री खुस बहादुर सुनुवार | | ९८६०९१०१५७ |
| १० | सदस्य | श्री रिता पोखरेल | | ९७४२८५४६४९ |
| ११ | सदस्य | श्री सुनिता विश्वकर्मा | | ९८०७६९३४८८ |
| १२ | सदस्य | श्री ईन्दिरा कार्की | | ९७४५६७००९३ |
| १३ | सदस्य | श्री संगिता बि.क. | | ९८६३२३६२५४ |
| १४ | सदस्य | श्री नरध्वज सुनुवार | | ९८४४३०४४५४ |
| १५ | सदस्य | श्री सुमन मिजार | | ९८६१३७६८७३ |
| १६ | कार्यपालिकाको सचिव (प्र.प्र.अ.) | श्री नविन गडतान लामा | | ९८५१२४९२०४ |

Scanned with CamScanner

तामाकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जफे,दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

नेबिन महर्जन लामा
प्रमुख प्रशासकीय अधिकृत

## बैठक नं. ५२

मिति २०८२ असार ०७ गतेको तामाकोशी गाउँ कार्यपालिकाको बैठकका प्रस्ताव तथा निर्णयहरु:

**बैठकका प्रस्तावहरु:**

१. सहकारी भ्रमण खर्च रकम सम्बन्धमा।
२. हल गोरु पालक कृषक प्रोत्सहान अनुदान कार्यक्रम सञ्चालन कार्यबिधि, २०८२ सम्बन्धमा।
३. तामाकोशी गाउँपालिकाको व्याक हो लोडर सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यबिधि २०७९(प्रथम संसोधन २०८२) सम्बन्धमा।
४. वार्षिक नीति तथा कार्यक्रम, आर्थिक विधेयक, बिनियोजन बिधेयक सम्बन्धमा।
५. आर्थिक सहयोग सम्बन्धमा।
६. डिप बोरिङ सञ्चालन तथा मर्मत खर्च रकम भुक्तानी सम्बन्धमा।
७. अन्तराष्ट्रिय खेल सहयोग सम्बन्धमा।

तामाकोशी गाउँकार्यपालिकाको मिति २०८२ असार ०७ गते बसेको बैठकबाट सर्वसम्मतिले देहाय बमोजिम निर्णय गरियो।

१. तामाकोशी गाउँपालिका र सहकारी समन्वय समिति (सञ्जाल)का बीच साझेदारीमा उत्कृष्ट सहकारी अवलोकन भ्रमण कार्यक्रम भएकोमा कारणबस भ्रमण थप १ दिन लम्बिन गई उक्त कार्यक्रमको लागि खर्च हुने शिर्षकबाट रकम अपुग भएकाले अपुग रकम रु ४९,८६०।– सहकारी शाखाको एकीकरण प्रोत्सहान, सहकारी सम्बन्धी अन्तरक्रिया छलफल कार्यक्रम शिर्षकबाट हुने गरी भुक्तानीको लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

२. बिधायन समितिबाट पेश हुन आएको हल गोरु पालक कृषक प्रोत्सहान अनुदान कार्यक्रम सञ्चालन कार्यबिधि, २०८२ स्वीकृत गर्ने निर्णय गरियो।

३. बिधायन समितिबाट संसोधन सहित पेश हुन आएको तामाकोशी गाउँपालिकाको व्याक हो लोडर सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यबिधि २०७९ (प्रथम संसोधन २०८२) स्वीकृत गर्ने निर्णय गरियो।

४. आगामी गाउँसभामा २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम, आर्थिक विधेयक, २०८२, बिनियोजन बिधेयक, २०८२ प्रस्तुत गर्ने निर्णय गरियो।

५. दोलखा उद्योग बाणिज्य संघ द्वारा आयोजित दोलखा महोत्सवको लागि आर्थिक सहयोग माग भई आएकोमा रु ५० हजार आर्थिक सहयोग उपलब्ध गराउने।

तामाकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जफे,दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

Scanned with CamScanner

नविन [illegible] तामाङ
प्रमुख प्रशासकीय अधिकृत

६. वडा न. ५ सहरेको डिप बोरिङ व्यवस्थापन शिर्षकबाट खर्च हुने गरी डिप बोरिङ सञ्चालन तथा मर्मत बापत दैनिक ज्यालादारी गर्ने श्री राधा कृष्ण फुयाललाई रु ६१,६००।– भुक्तानी दिने निर्णय गरियो ।

७. तामाकोशी -०५ न. वडाको युवा तथा खेलकुद कार्यक्रम शिर्षक मार्फत श्रीलंककाको राजधानी कोलोम्बो मा हुने 9th South Asian Karate Championship 2025 खेल्नको लागि खेलाडी रोशन खातिलाई रु ५०,०००।– उपलब्ध गराउने निर्णय गरियो ।

तामाकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जफे, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३